# सु-समाचार विस्तारको लागि तपाई के मुल्य चुकाउन चाहनुहुन्छ ?

धेरै समय अगाडि एउटा देशमा सम्पन्न र ब्रम्हण्डकै सबैभन्दा शक्तिशाली राजाले उनको हृदयमा उनको मानव जाती प्रतिको प्रेमको असल खबर फैलाउने चाहना गरे । उनले उनको अति बहुमुल्य सम्पति उनको छोरा पठाउने निर्णय गरे । उनलाई थाहा थियो कि यो खतरनाक हुन सक्छ भनेर, तर उनको मानिसजातिहरुमा पुग्ने इच्छामा उनी डुबिरहे । यसले परमेश्वर उहाँको  पुत्रले तपाईको आत्मा बचाउन दिनु भएको मुल्य बताउँछ ।

धेरै वर्ष अगाडि मेरो छोरा र मैले चाइनामा बाइबल तस्करी गर्थ्यौं । हामी हाम्रो मिशनमा भाग लिनु भन्दाको अघिल्लो राती मैले सपनामा मेरो छोरो उसको काममा गएको र नफर्केको देखे । सपनाको परिणाम स्वरुप मैले मेरो छोरालाई उ जान सक्दैन भने । मेरो छोराले पनि एउटा सपना देखेको कुरा मलाई बतायो । उसको सपनामा उसलाई थाहा थियो कि यदि उसले मैले उसलाई भने बमोजिम गरेमा उ सुरक्षित हुन सक्थ्यो । सपना मलाई बताइ सकेपछि  मेरो छोराले मलाई सहाससँग तर नम्र भएर अँगालो माऱ्यो, आँसु  खसाल्दै मन्द स्वरमा भन्यो,"बुबा, सु-समाचार अघि बढाउनको निम्ति तपाई के मुल्य चुकाउनु हुन्छ ?" त्यसपछि उसले रेल चढ्यो र उसको यात्रा शुरु गऱ्यो ।

## आजको लागि प्रार्थना :

पिता, मलाई थाहा छ कि तपाईले मलाई प्रेम गर्नुहुन्छ र तपाईसँग मेरो जीवनको योजना छ  कृपा गरि मलाई मेरो डरहरुभन्दा माथि उठ्न र जस्तो सुकै मुल्य परेतापनि तपाईको इच्छा पुरा गर्न शक्ति दिनुहोस् । तपाईको सेवा प्रतिको बोलावटलाई म एक विशेष अधिकारको रुपमा गन्छु । त्यसकारण, म आफुलाई इन्कार गर्छु, मेरो क्रुस उठाँउछु र तपाईको पछि लाग्छु ।

## आजको बाइबल खण्ड :

मत्ती १३ : ४६ त्यसले एउटा बहुमुल्य मोती भेट्टाएपछि गएर आफुसँग भएका सबै बेचेर त्यो मोती किन्यो ।

१ कोरिन्थी ६ : २० तिमीहरु मोल तिरेर किनिएको हौ । यसकारण तिमीहरुका शरीरमा परमेश्वरमा महिमा गर ।

## सु-समाचार प्रचार समयको विरुद्धमा एक दौड हो ।

प्रत्येक दिन पापीहरु जन्मन्छन् र हामी प्रत्येकसँग तर परमेश्वरको इच्छा हाम्रो जीवनको एक समयमा र हाम्रो जीवनको उद्देश्य पुरा हुन्छ । हामी त्यो सडकमा भएको प्रसिद्ध घर पुगी सक्न अगाडि हामी ग्रहको प्रत्येक घरमा पहिला पुग्नु पर्छ । सारा संसारको सु-समाचार प्रचार प्रसार एक पुस्तामा मात्र पुरा हुन्छ । यो अर्को पुस्तासम्म पुग्न सकदैन ।

परमेश्वरको नाती-नातिनाहरु छैन । उहाँको सन्तानहरु मात्र छन् र प्रत्येक व्यक्तिलाई दिनहरुको संख्यामा भाग दिइएको छ जसमा उद्धार पाँउछन्, खीष्टमा बृद्धि हुन्छन् र परमेश्वरको राज्यमा आत्माको फसल रोप्ने उत्पादनशील कामदार हुन्छन् । यो तपाईको दिन हो, यो तपाईको समय हो, तपाईको जीवन । सु-समाचार प्रचार समयको विरुद्ध एक दौड हो ।

### आजको लागि प्रार्थना :

प्यारो प्रभु, हराएकाहरुका लागि दया देखाउन मलाई दिनुहोस् र मेरो जीवन तपाईको इच्छामा मेरो पुस्तामा केन्द्रित हुन मलाई मदत गर्नुहोस् । मलाई मानिसहरुको जालहारी बन्न सिकाउनुहोस् र तपाईको राज्यको लागि आत्मा जित्ने समझ मलाई दिनुहोस् ।

### आजको लागि बाइबल खण्ड :

२ कोरिन्थी ६:२ - किनभने उहाँ भन्नुहुन्छ, “ग्रहण योग्य समयमा मैले तिम्रो पुकारा सुने, र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरे ।” हेर, ग्रहणयोग्य समय अहिले हो मुक्तिको दिन अहिले हो ।

एफिसी ५:१५-१७ - यसेले कसरी हिड्छौ ध्यानसँग हेर निर्बुद्धि मानिस जस्तो होइन, तर बुद्धिमान जस्तो । समयको पुरा सदुपयोग गर, किनकी दिन खराब छ । यसैकारण मुर्ख नहोओ तर, प्रभुको इच्छा के छ, सो बुझ ।

# तपाईको श्रोताको भाषा बोल्नुहोस्

प्रेरित पावल भन्छन् कि उनको श्रोताहरुले बुझ्न नसक्ने दश हजार शब्द भन्दा उनीहरुले बुझ्ने पाँच शब्द बोल्नु नै उचित हो । यीनै कुराहरु हुन् जुन म जब अरुहरुमाझ परमेश्वरको वचनको सिद्धान्त बाँड्ने मौका पाँउदा मान्छु । परमेश्वरको वचन कहिल्यै परिवर्तन हुदैन तर हामी परमेश्वरको वचनलाई कसरी प्रस्तुत गर्छौं, प्राय यो हाम्रो छनोट हो ।

तपाई कोसँग बोलि राख्नु भएकोछ थाहा गर्नुहोस् र तपाईको श्रोताहरुसँग बुझ्ने भाषामा कुराकानी गर्दै हुनुहुन्छ भनी निश्चित बनाउनुहोस् । खास उमेर समुहहरु, लैगिंक समुहहरु विभिन्न संस्कृतिहरु वा विभिन्न विश्वासहरु भएता पनि तपाईको शब्दहरु राम्रोसँग प्रत्येक अवसर उत्तम बनाउन छान्नुहोस् तपाईको श्रोताको भाषा बोल्नुहोस् ।

आजको लागि प्रार्थना :

प्यारो परमेश्वर, मसँग आज हुने सबै मौकालाई पहिला म कोसँग बोलिरहेछु र म कसरी तिनीहरुलाई बुझाउन सक्छु भन्ने कुरा जानेर उक्त बनाउन मदत गर्नुहोस् । तपाईको वचन अरुलाई तिनीहरुको जीवन परिवर्तन हुने तरिकाले बाँड्नलाई अनुग्रह गर्नुहोस् । आमेन् ।

आजको बाइबल खण्ड :

१कोरिन्थी ९ : १९-२३ – किनभने म मानिसहरुबाट स्वतन्त्र भएता पनि अझ धेरैलाई जित्न सकुँ भनेर मैले आफैलाई सबैको दास तुल्याएँ । यहुदीहरुलाई जितुँ भनेर यहुदीहरुका निम्ति म यहुदी जस्तै बने । व्यवस्थाको अधिनमा रहनेहरुलाई जितुँ भनेर म आफै व्यवस्थाकै अधिनमा रहेजस्तै भए । व्यवस्थाको बाहिर हुनेहरुलाई जितेर ल्याँउन सकुँ भनेर व्यवस्थाको बाहिर हुनेहरुका निम्ति म व्यवस्थाको बाहिर भए झै बने । तर परमेश्वरको व्यवस्थाबाट म स्वतन्त्र छैन, म खीष्टका व्यवस्थाको अधिनमा छु । दुर्बलहरुलाई जिँतु भनेर दुर्बलहरुका निम्ति म दुर्बल बनेँ । सब प्रकारको उपायले कसै न कसैलाई बचाउन सकुँ भनेर सबैका निम्ति म सब थोक बनेँ । सु-समचारका आशिषहरुको सहभागी हुन सकुँ भनेर सु-समाचार कै खातिर म यी सब थोक गर्दछु ।

## प्रत्येक सडकले कहिन कहि अगुवाई गर्छ ।

हामी सडकहरु छान्छौ निसन्देह कारणले यात्रा गर्छौ ... सडकको छनोटले हामीलाई हामीले इच्छा गरेको ठाँउमा लैजान्छ । प्रत्येक सडकले कहिन कहि लैजान्छ । गन्तव्यहरु प्रायः पुर्ण योजनायुक्त हुन्छन्, खास गरि यदि हामीसँग नक्सा वा अरु जानेको व्यक्तिले दिएको निर्देशनहरु छन्भने । जब हामी हाम्रो यात्राको पुर्ण योजनायुक्त गन्तव्यमा पुग्छौ हाम्रो गुनासो विरलै पाईन्छ । जीवनको सडकहरु पनि फरक छैनन् । परमेश्वरको वचनले हामीलाई यसको नक्सा दिन्छ र उहाँको सेवकहरुले प्रायः हामीले छनोट गरेको सडकमा के छ थाहा गर्न निर्देशन दिन्छन् । तपाई कहाँ हुनुहुन्छ ? के तपाई त्यो सडकमा हुनुहुन्छ जसले तपाईमा सफल सम्बन्धहरु ल्याँउछ एउटा बलियो विवहा र परिवार, एक उत्तम भविष्य ? यदि छैन भने, त्यहाँ तर एक पश्चतापको छनौट छ .........

आजको लागि प्रार्थना :

पिता, मेरो जीवनको खास गन्तव्य बनाउनु भएको लागि धन्यवाद । तपाईले दिनु भएको नक्शा र निर्देशनहरु पछ्याउनलाई मलाई सिकाउनुहोस् । प्रत्येक छनोट र यसको गन्तव्य थाहा गर्न मदत गर्नुहोस् । यसैगरि अरुहरुलाई परमेश्वरको निर्देशन दिन पनि मलाई सहायता गर्नुहोस् ।

आजको लागि वचन :

हितोपदेश १६:१७ इमान्दारको मुलबाटो खराबीदेखि अलग रहन्छ । जसले आफ्नो बाटोको रखवाली गर्छ त्यसले आफ्नो जीवनको रखवाली गर्छ ।

हितोपदेश २२ : ३ धनी र गरीब यस कुरामा समान छन् कि सबैलाई बनाउने परमप्रभु नै हुनुहुन्छ ।

यशैया ५५ :९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ त्यसरी नै मेरा चाल तिमीहरुका चालभन्दा र मेरा विचार तिमीहरुका विचार भन्दा अल्गा छन् ।

## तपाई कस्तो परिस्थितिहरुद्धारा गइराख्नु भएको छ होइन,तर कुरा तपाई के गर्दैहुनुहुन्छ भन्ने हो...

प्रत्येक सडकहरुले कहिन कहि डोऱ्याउछ । हाम्रो यात्रामा हामी जहाँ छौ त्यहाँ देखि हामी जहाँ जान मन गर्छौ त्यहाँ पुग्छौ, हामी प्राय केहि कुरामा आनन्दित हुन सक्दैनौ तर त्यो कुरा आनन्ददायक कुरा पाउनको निम्ति नै हुन्छ । यी समयहरुमा हामीले आफैलाई सम्झाउन आवश्यक पर्छ कि यो हामी कुा परिस्थितिहरुद्धारा भएर गइरहेछौ त्यो होइन तर हामीले के गर्दछौं त्यस कुराले बढी महत्व राख्छ ।

उदाहरणको लागि कसैले मेडिकल डाक्टर बन्ने अपेक्षा राखेर उच्च शिक्षा लिने इच्छा गर्न सक्छ । यदि यो तिनीहरुको गन्तव्य र तिनीहरुले चुनेको बाटो हो भने । डाक्टर बन्ने बाटोमा तिनीहरु तालिमको परिस्थितिमा जानु पर्छ, धेरै वर्षको शिक्षा, । कुनै शंका विना, धेरै समयमा थकित र चिन्तित र हरेस खाएका पनि हुन सक्छन् । तापनि यदि कसैले यस्तै कहि कुराहरुद्धारा जाने इच्छा गर्दैनन् जसमा तिनीहरु आानन्द गर्न सक्दैनन् आनन्द दायक कुरा पाउनको निम्ति, तिनीहरु जीवनभरी नै आनन्द गर्न सक्दैनन् ।

आजको लागि प्रार्थना :

स्वर्गीय पिता, मेरा बुझाइको आँखा खोलिदिनु भएको होस् ताकि, म मेरो तपाइमा भएको बोलावटको आशालाई जान्न सकुँ । म के गर्दैछु भन्ने कुरामा केन्द्रित हुन चाहन्छु र म कस्तो परिस्थितिमा छु भन्ने कुरामा होइन । कृपया मलाई तपाईमा भरोसा गर्न र तपाईमा भएको आशामा पुरा रमाउन र शान्त हुन अहिले नै मदत गर्नुहोस् । धन्यवाद !

आजको लागि वचन :

२ कोरिन्थी ४ :१७-१८  किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनिय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ । हामी दृष्य कुरालाई होइन तर अदृष्य कुरालाई हेर्छौं, किनभने दृष्य कुरा क्षणिक हुन्छन् तर अदृष्य कुरा चाँहि अनन्तसम्म रहन्छ ।

हितोपदेश २९:१८ जहाँ दर्शन प्रकाश छैन त्यहाँ मानिसहरु भाँडिन्छन् तर त्यो मानिस धन्य हो, जसले व्यवस्था पालन गर्छ ।

# तपाई कहिले पनि कसैलाई अगुवाइ गर्न सक्नुहुन्न जबसम्म तपाई त्यो व्यक्ति गुमाउन इच्छा गर्नुहुन्न

परमेश्वरको राज्य चलाउने योजना पनि हामीले हाम्रो सैनिकहरुमा अवलोकन गर्ने कुराहरु जस्तै छ । त्यहाँ उच्च दर्जाका व्यक्तिहरु हुन्छन् र निम्न दर्जाकाहरु, निति-नियमहरु र तोकिएको जिम्मेवारी पनि हुन्छन् । सिपाहीहरुमा आधारभुत ढाँचा हुन्छ जसले प्रत्येक व्यक्तिलाई देखाउन र तिनीहरुलाई गर्न भने बमोजिमको काम गराइको माग गर्छ । कुनै दिनहरुमा तिनीहरु आफै नै मातहतमा हुन्छन् र कुनै अर्को अवस्था तिनीहरु अरुको मातहतलाई पछ्याउछन् जो उनीहरुमा बढी मातहतमा हुन्छन् । दुबै नै महत्वपुर्ण र प्रत्येक लक्ष्य प्राप्तिको निम्ति आवश्यक पर्छ ।

असुरक्षित अगुवाहरु जो अरुलाई तिनीहरुको पछ्याउने व्यक्तिहरुले तिनीहरुलाई मान्दैनन् भन्ने डरले निर्देशन दिन चाहदैनन्, तिनीहरुले वास्तवमा नै अगुवाई गर्दैनन् । यी अगुवाहरुले प्रख्यात विचारहरु पछ्याइरहेका हुन्छन् वा हुन सक्छ चर्को स्वरहरु, जसले प्रत्येक व्यक्तिलाई तिनीहरुलाई जे ठिक लाग्छ गर्न दिन्छन् । यो परमेश्वरको राज्यको तरिका होइन । जब अगुवाई गर्ने बोलावट आँउछ, कृपामय दयावान् हनुहोस् र अरुको सल्लाह लिनुहोस् तर तपाईको आफ्नो दृढ विश्वास अनुसार अगुवाई गर्नुहोस् यो कुरालाई याद गर्दै कि कहिले पनि कसैलाई गुमाउन इच्छा नगरिकन अगुवाई गर्न सकिदैन ।

## आजको लागि प्रार्थना :

पिता, कृपया मलाई येशु ख्रीष्ट जस्तै अगुवा बन्न मदत गर्नुहोस् त्यही जस्तो जो अतिनै आत्म विश्वासी छ । तपाईले मलाई गर्न बोलाउनु भएको कुरामा त्यस्तै हुन मदत गर्नुहोस् । म कसैलाई गुमाउने कुराले हल्लिने छैन । मलाई तपाईको बल र समझ मेरो निर्देशनहरुमा दया पुर्ण रुपले संचालित गर्न आवश्यक छ ।

## आजको धर्मशास्त्र :

प्रेरित १५:३७-४१ बारनाबासले मर्कुस भनिने युहन्नालाई तिनीहरुका साथमा लैजाने इच्छा गरे । तर पावलले मर्कुसलाई साथमा लैजान ठीक ठानेनन् किनभने तिनी पामफिलियाबाट तिनीहरुसँग छुट्टिएर गएका थिए, र तिनीहरुका साथमा काममा गएका थिएनन् । तिनीहरुका बीचमा यति ठुलो मतभेद भयो कि तिनीहरु एक-अर्काबाट छुट्टिए, र  बारनाबास मर्कुसलाई साथमा लिएर साईप्रसतिर गए । तर पावलले सिलासलाई चुने अनि भाईहरुबाट परमेश्वरको अनुग्रहमा अर्पण भई बिदा भए । मण्डलीहरुलाई बलिया गराउदै तिनी सिरिया र किलिकियाको भ्रमण गरे । यदि एक कुरा गलत हुन शुरु भएमा यसलाई त्यतिकै समय खेर फालेर ठीक बनाउन सकिदैन..यदि एउटा घर बनाउने व्यक्तिले घर बनायो र त्यो घरको जग कमजोर छ भने, अन्त्यमा पुरा घर भत्किदै आँउछ । यदि निश्चित राजनितिको अगुवाई समुहहरु भ्रष्ट छन् भने समयले मात्र यसलाई खत्तम बनाउँछ । खराब कुराहरु तिनीहरुमा भएकाले राम्रो हुन सक्दैनन्, तिनीहरु खत्तम कुराहरु पाँउछन् ।

## के नयाँ मण्डलीहरु यस्ता मानिसहरुद्धारा शुरु भएका छन् जो विभाजित समुहरुमा छन्, तिनीहरु एउटै समुदायका पुर्व सदस्यहरु हुन् ।

यदि यी कामहरु क्रान्तिको बीउहरुको साथमा रोपिएको छ भने त्यसपछि मण्डलीको भविष्यमा जे भएता पनि योसँग निरन्तररुपमा समस्याहरु हुन्छन् र त्यो जराको फलको अनुभव गरिनै रहनेछ । मात्र आशावादी उपाय परमेश्वरबाट क्षमा माग्नु हो जसले चितुवाको दागहरु बदल्न सक्नुहुन्छ । र पुरानोबाट नयाँ बनाउन सक्नुहुन्छ । हाम्रो दैनिक जीवनको सिद्धान्तहरु फरक हुदैनन् यदि कुनै कुरा गलत हुन शुरु भएमा त्यसलाई ठीक बनाउन त्यतिकै समय खेर फाले हुदैन ।

आजको लागि प्रार्थना :

पिता, मैले गलत शुरुवात गरेका कुराहरु मलाई प्रकट गर्नुहोस् । म पश्चताप गर्न चाहन्छु र मैले गर्ने सबै कुराको मुख्य जड तपाईमा नै राख्न चाहन्छु । मलाई थाहा छ कि तपाईले मलाई फेरि शुरु गर्न मदत गर्न सक्नु हुन्छ । जहाँ म चुकेको छु त्यहाँ मलाई क्षमा गर्नुहोस् र ममा नयाँ र जीवित मार्ग सृजना गर्नुहोस् ।

आजको बाइबल खण्ड :

मत्ती ३ : १० अहिले नै रुखको फेदमा बन्चरो परि सकेको छ । यसकारण असल फल नफलाउने हरेक रुख काटी ढालिन्छ र आगोमा फालिन्छ ।

मत्ती ६ : २२-२३ आँखा शरीरको बत्ती हो । यसकारण यदि तिम्रा आँखा स्वस्थ छन् भने, तिम्रो सारा शरीर उज्यालो हुनेछ । तर तिम्रा आँखा खराब छन् भने तिम्रो सारा शरीर अध्याँरो हुनेछ । यसकारण तिमी भित्र भएको उज्यालो चाँहि अध्याँरो भयो भने, त्यो अध्याँरो कस्तो घोर हुन्छ !

## नदी कहिले पनि त्यसको श्रोत भन्दा माथि उठ्न सक्दैन ।

पानी पहाडको मुनि बहन्छ । यो सिद्धान्त परमेश्वरको व्यवस्था हो जसले सत्यता प्रकट गर्छ र प्राकृतिक संसार मात्र होइन तर आत्मिक संसार पनि ओगट्छ । हामी सबैले हाम्रो जीवनको श्रोत, शक्ति र सफलता के हुनेछ छान्छौं । केहि मानिसहरुले पैसा छान्छन् भने कोही मानिसहरुले परामर्शदाता छान्छन् । यी दुबै खास छनौटहरु फाइदाजनक हुन सक्छन् र प्रायः हाम्रो सफलताको देनमा जरुरी हुन्छ । तापनि तिनीहरु कुनै पनि गुणस्तरीय श्रोत हुन सक्दैनन् ।

नदी त्यसको श्रोतको तह  भन्दा माथि उठ्न सक्दैन नत त मानिस नै सक्छ । तपाइ सदा तपाईको श्रोतको सिमितताबाट सिमित हुनुहुनेछ । किन सिमितताबाट स्थापित धन, शक्ति वा स्थान भएको जीवनले तपाईको लागि के गर्न सक्छ । यो सिमितपनहरु परमेश्वरलाई तपाईको साँचो श्रोत बनाएर हटाउनुहोस् र अरुहरुलाई परमेश्वरको इच्छा अनुसार देन दिनुहोस् ।

आजको लागि प्रार्थना :

पिता, तपाईलाई धन्यवाद छ कि म भित्र नै श्रोत छ अनि म त्यसलाई निभाउने छैन । पवित्र आत्मा दिनु भएको लागि तपाईलाई धन्यवाद जो मभित्र दिनदिनै वृद्धि भइराख्नु भएको छ । मेरो जीवनमा परिवर्तन गर्नुपर्ने कुरा देखाउनु होस् ताकि म श्रोतलाई बाधा दिन नसँकु । तपाईको नदि मभित्र बगोस् र त्यो भरिएर मबाट पोखिएकोहोस् ।

आजको बाइबल खण्ड :

युहन्ना ७ : ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीको खोलाहरु बगि निस्कनेछन् ।

१ तिमोथी ६:१७ यस संसारका धनीहरुलाई घमण्डी नहुने आज्ञा देऊ र अनिश्चित सम्पतिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि तिनीहरुले आशा राखुन् ।

## देखिन खडा होऊ, सुनिन आफ्नो मुख खोल, तर प्रशंसित हुन आफ्नो आसन ग्रहण गर ।

यो सल्लाह एक जवान युवतीलाई उनको हजुरआमाद्धारा दिइएको हो । यही आशामा कि यसले उनको जीवन परमेश्वरलाई खुशी पार्ने तरिकाले तयार गर्न सकोस् र मानिसले पनि मन पराओस् । परमेश्वरको वचनको सिद्धान्तहरु सरल र अझै पनि विचारपुर्ण छ । हामी ढृढ भएर खडा हुनुपर्छ, ताकि अरुहरुले स्प्रष्टरुपमा हाम्रो धैर्यता र हाम्रो जीवनमा ढृढ विश्वास देख्न सकोस् । हामीले सुनाउन आफ्नो मुख खोल्नुपर्छ, खासगरी जोहरु संगठित निर्देशनहरुको आवश्यकतामा छन् । हाम्रो आवाज तिनीहरुको लागि ज्यातिको संकेत हुन सक्छ जोहरु अन्धकारमा छन् र आघात परेका आत्माहरुको निम्ति उत्साहको श्रोत हुन सक्छ ।

हामी देखाउन वा देखिन नै खडा हुनुपर्छ, सुनाउन नै बोल्नुपर्छ तर प्रशंसा पाउन चाँहि बस्नुपर्छ । स्वर्ग र पृथ्वी दुवैले घमण्डपन र अहंकारको विरोध गर्छ । त्यसैकारण हामीले आफैलाई सर्वशक्तिमान बाहुली मुनि नम्र पार्नुपर्छ ताकि हामी उहाँद्धारा मात्र उहाँको उचित समयमा उचालिएको हुनुपर्छ ।

आजको प्रार्थना :

पिता, कृपा गरि मलाई खडा हुने सहास दिनुहोस् जब तपाईले मलाई निर्देशन दिनुहुन्छ । परिवर्तन ल्याउने शब्दहरु दिनुहोस् र ज्ञानबुद्धि, नम्रता सहित अनुकुल, सहि समयसम्म शान्त हुन दिनुहोस् । जुन परिस्थितिहरुमा तपाईले मलाई राख्नुहुन्छ, त्यसमा गम्भिर हुन चाहन्छु ताकि म अरुलाई आशिषित बनाउन तपाईको भाँडो हुन सकुँ ।

आजको बाइबल खण्ड :

हितोपदेश १७ : २७ ज्ञानी मानिसले समयसित शब्दहरु प्रयोगगर्छ, र समझशक्ति भएको मानिस ठन्डा मिजासको हुन्छ ।

## तपाई कथा लेख्दैहुनुहुन्छ जुन अरुहरुले एकदिन तपाईको बारेमा भन्नेछन् ।

प्रत्येक व्यक्तिको जीवन कथा बन्छ । प्रेरित पत्रुसको यस्तै तपाई पनि सदाको लागि अरुहरुले तपाईको बारेमा के सम्झन्छन् त्यसबाट परिचित हुन सक्नुहुन्छ । खराब निर्णयहरुले, गलत निर्णयहरु र महँगो गल्तीहरु जीवनको प्रक्रियामा प्रस्तुत हुनुपर्छ र हामीबाट गल्तीहरु सच्याउने कुराहरु रोक्न दिनुहुदैन र हाम्रो भविष्यको नयाँ अध्याय लेख्नुपर्छ । पत्रुसको जीवन कथा उसले ख्रीष्टलाई इन्कार गरेको बेलामा अन्त हुदैन न त राजा दाउदको जीवन कथा नै साथीलाई मार्न आज्ञा दिंदा सकिन्छ ।

यस्तै गरि अरु धेरै बाइबलका चरित्रहरु र विगतका नायकहरु, जस्तै, तपाईको जीवन पनि खराब निर्णयमा अन्त हुदैन । तपाईको भविष्य आज परमेश्वरलाई दिनुहोस् । वितेका कुराहरु विगतलाई नै दिनुहोस् र जीवनमा नयाँ अध्याय कोर्न शुरु गर्नुहोस् ।

आजको लागि प्रार्थना :

पिता, मलाई दर्शन दिनु भएकोमा र मेरो भविष्य तपाईमा केन्द्रित गर्नु भएकोमा धन्यवाद । म मेरो जीवन पन्ना बनाउन चाहान्छु जहाँ तपाईले मात्र लेख्न सक्नु भएकोहोस् । तपाईको इच्छा अनुसार हिँड्न मलाई अनुग्रह दिनुहोस् र मेरो महान् दिनमा मलाई लिनुहोस् ।

आजको बाईबल खण्ड :

हितोदेश २२ : १ धेरै धन-सम्पति भन्दा असल नाँउ रोज्नु वाञ्छनीय हुन्छ, सम्मानित हुनु चाँदी वा सुन भन्दा उत्तम हो ।

उपदेश ७ : १ असल नाँउ अति सुगन्धित अत्तरभन्दा अझ असल हो र मृत्युको दिन जन्मको दिनभन्दा अझ उत्तम हो ।

हितोपदेश १३ : २२ असल मानिसले आफ्ना नाति-नातिनाहरुका निम्ति पैतृक सम्पति छोडिराख्छ, तर पापीहरुको धन धर्मीहरुका लागि थुपारिन्छ ।

## यो दुःखपुर्ण सत्यता हो तर, त्यही समयमा मानिसबाट मुक्त हुनुले समस्याहरुबाट मुक्त गर्नेछ ।

के तपाई कहिल्यै खेलाडिहरुको समुहमा भाग लिनु भएको छ र एउटा खेलाडिले खेलमा गल्ती पछि गल्ती गर्छ, यदि तिनीहरुले त्यो खेलाडि परिवर्तन गर्दैनन् भने, यसले आखिरमा तपाईलाई विजयताको मुल्य दिन सक्छ ? त्यसपछि एक नयाँ खेलाडि तिनीहरुको काम गर्न आँउछ र सबै कुरा एकदम सजिलै गएको जस्तो देखिन्छ । तपाईको कार्यालयमा के कोही यस्तो व्यक्ति छ जसले निरन्तर समस्याहरु निम्त्याउँछ ? के तपाईको जीवनमा कोही छ जसले सधै तपाईसँग कुरा गर्दा तिनीहरुसँग समस्या हुन्छ ? के तपाई त्यहि व्यक्ति हुनुहुन्छ ?

योना १ : १२ तिनले जवाफ दिए, "मलाई उचालेर समुन्द्रमा फालिदेओ र समुन्द्र शान्त हुनेछ । किनकि मेरै कारणले गर्दा तिमीहरुमाथि यो प्रचण्ड आँधी चलेको हो भन्ने म जान्दछु ।" योनाले माने कि त्यो समस्याको कारण उनी आफै हुन् भनेर । आज परिवर्तन गर्नुहोस् । पुरानो बिछोडिएको कुरा फ्याँकेर ताजापन शुरु गर्नुहोस् । यो एउटा अति नै नयाँ कहिल्यै अन्त नहुने मौका सहितको दिन हो । यो दुखित सत्यता हो तर त्यही समयमा मानिसबाट मुक्त हुनुले समस्याहरु मुक्त गर्नेछ ।

आजको लागि प्रार्थना :

पिता, मलाई समाधान बन्न सहायता गर्नुहोस् समस्या होइन । मलाई प्रश्न होइन तर उत्तर बन्न सहायता गर्नुहोस् । म कुनै महान् कुराको सहभागी हुँ तपाईको उद्देश्यको लागि मेरो तपाईसँगको सम्बन्धमा मेरो परिवार, र मेरो काममा महान् बनाउनुहोस् ।

आजको बाईबल खण्ड :

१ शमुएल १२ : १४ यदि तिमीहरुले परमप्रभुलाई श्रद्धा गर्‍यो भने, र यदि तिमीहरु उहाँका आज्ञाको विरुद्धमा बागी भएनौ भने, अनि यदि तिमीहरु र तिमीहरुका राजा परमप्रभु परमेश्वरप्रति विश्वासी भयौ भने बेसै हो ।

रोमी ८ :३ पाप-स्वभावले दुर्वल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरुपमा पापबलि झै पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो ।

# नम्रता र अनुग्रह विना समभ्क बाँड्नुले तपाई ठीक हुनु भएता पनि अप्रसन्नता उत्पादन गर्न सक्छ

मानिसहरु जो ठीक छन् धेरै चोटी सब समय आदरणीय, प्रशंसित, प्रिय हुदैनन् कहिले काहिँ यो नम्रता र अनुग्रहको कमिले हुन्छ जससँग जानकारीहरु सञ्चार गरिन्छन् । हामी मानिसहरु जो घमण्डी वा लोभी र जो अरुलाई व्यक्तिकै हीन अनुभव गर्न लगाउछन् कारण तिनीहरुसँग सहि उत्तर हुदैन त्यस्ता व्यक्तिहरुलाई इन्कार गरेका जस्तो गर्छौ ।

जसरी हामी अरुहरुलाई खीष्टमा अगुवाई गर्छौं र जीवनद्धारा यो महत्वपुर्ण छ कि हामीले आफैलाई अभिमानी वा सबैभन्दा माथि मै हु भन्ने कुराको विकास गरेको रुपमा प्रस्तुत गर्न हुँदैन । परमेश्वर आफैले उहाँको ज्ञान बुद्धि हामीसँग बाँड्नुभयो ताकी हामी नम्रतापुर्वक र करुणापुर्ण कुनै पनि हानी नपुऱ्याइकन, अरुलाई बाँड्नुहोस् । सहासिलो र आत्मविश्वासीलो हुनुहोस् तर कठोर नहुनुहोस् ।

आजको लागि प्रार्थना :

पिता, आज म तपाईसँग सहास र आत्मा विश्वाससँग नम्रताको आत्मा माग्छु । मैले अरुलाई गर्ने चाहने व्यवहार गर्न मलाई सहायता गर्नुहोस् । तपाईको व्यवस्थाको दयापुर्ण बोली मेरो जिब्रोमा हालीदिनुहोस् जसरी म अरुहरुलाई तपाइको मार्ग देखाँउछु र मेरो कान पनि अरुबाट तपाईको सल्लाह पाउन खुल्ला राख्नुहोस् ।

आजको लागि बाईबल खण्ड :

याकुब ३ : २ किनकि हामी सबै धेरै भूल गर्दछौ । जुन मानिसले आफुले बोल्ने कुरामा भुल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ र त्यो सिद्ध मानिस हुन्छ ।

१ पत्रुस ५ : ५ त्यसै गरी जवान हो, बुढापाकाहरुका अधिनमा बस । एउटा अर्काको अधीनमा रहेर तिमीहरु सबैले नम्रताको वस्त्र धारण गर । किनभने, "परमेश्वरले अहंकारीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ ।"

हिब्रु १० : ३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठुलो इनामको प्रतिफल छ ।

## जीवन मानिसहरुको स्थानमा उचालिनु भन्दा अघि, जीवन गुप्त स्थानहरुमा जाँचिनु पर्छ

बाईबलले बताँउछ कि हामी सानो कुरामा पनि विश्वासयोग्य भयौ भने परमेश्वरले हामीलाई ठुलो कुरा पनि व्यवस्थापन गर्न दिनुहुन्छ । तापनि कहिलेकाँही हामीले प्रतिफल नपाएको अनुभव गर्छौं । युसुफले यो सिद्धान्त बुझेर विश्वासयोग्य हुन निरन्तरता दिए, त्यतिञ्जेलसम्म जब परमेश्वरले पनि उहाँलाई विर्सनु भएको जस्तो देखिन्थ्यो । उहाँको महान् दिनको यात्राले उनलाई दरवारमा आउन अगाडि जेलमा र खाल्डोमासम्म लग्यो । यो खाल्डो र जेल नै थियो जहाँ युसुफ गुप्त स्थानमा उनी मानिसहरुको माझ उचाँलिनु भन्दा अगि जाँचिएका थिए ।

याद गर्नुहोस् कि कहिलेकाँही हामी अगाडि बढ्नको लागि केहि कुरो छोड्नु पर्छ र हामीलाई प्राय चुनौती यहि छ कि हामीले हाम्रो व्यवहार र जीवनको तौर तरिकालाई त्याग्नुपर्छ जसले हामीलाई परमेश्वरको उत्तमतामा फर्काउँछ । यी जीवनको चुनौतीहरु जसले तपाईलाई परमेश्वरको नजिक ल्याँउछ त्यसको बारेमा कहिले पनि गुनासो नगर्नुहोस् ।

आजको लागि प्रार्थना :

पिता, तपाईले दिनुभएको सानो कुरामा पनि विश्वासयोग्य हुन मलाई सहायता गर्नुहोस् । बाईबल अध्ययन गर्न, निरन्तर प्रार्थना गर्न, दैनिक रुपमा तपाईलाई आराधना गर्न, र मेरो विश्वास अरुसँग बाँड्न मलाई सहायता र याद दिलाउनुहोस् । मेरो जीवनको परिस्थितिहरुको वास्ता नगरि म त्यसमा दृढ हुनेछु । मेरो दौडलाई बाधा दिने कुराहरु मबाट हटाउनुहोस् ।

आजको बाईबल खण्ड :

मत्ती २५ :२१ मालिकले त्यसलाई भने, “स्याबास असल र विश्वासी नोकर ! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।”

रोमी १२:२ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पुर्ण रुपमा परिवर्तित होओ, र परमेश्वरको असल ग्रहण योग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

## परमेश्वर तपाईको विगतमा अड्कनु भएको छैन

के तपाईलाई थाहा भयो कि परमेश्वरले तपाईको विगतलाई सम्भनु पनि हुन्न ? तपाईको पापहरु र आगमनहरु मात्र होइन तर उहाँले तपाईको विगतको अपर्याप्तताहरुलाई पनि नसम्भन छनोट गर्नु भएको छ ... तपाईको जीवनको स्थान जहाँ तपाई सोच्नुहुन्छ कि तपाईको आफ्नै मुल्य लिनु वा थप्नु पर्छ, जुन आदरहरु तपाईले गुमाउनुभयो, बढुवा जुन प्राप्त गर्न तपाई असफल हुनुभयो, र त्यो समयहरु जहाँ तपाई जीवनको जाँचमा असफल हुनुभयो ।

परमेश्वर तपाईको विगतभन्दा पनि भविष्यमा चासो राख्नुहुन्छ । त्यहाँ कारण छ कि किन गाडीको अगाडिको ऐना दाँयाको मानिस र अरु सडकहरु हेर्ने ऐना भन्दा ठुलो हुन्छ । परमेश्वरसँगको भविष्यमा केन्द्रित हुनुहोस् र विगतलाई पछाडि नै छोड्नुहोस् । परमेश्वरको योजना तपाईको जीवनमा अझै अगाडि हो र उहाँ तपाईको विगतमा नै रोकिनु भएको छैन ।

आजको लागि प्रार्थना :

पिता, मेरो विगतलाई म तपाईलाई धन्यवाद चढाउँछु । मलाई सबै अनुभवहरुबाट सिक्न मदत गर्नुहोस् । म मेरो गल्तीहरु तपाईसँग आधारित भविष्यको लागि जाँच गर्नेछु । मेरो तपाईमा भएको योजनाहरु मलाई थाहा छ । भविष्यको लागि योजना र आशा, भोलिको लागि उत्तम आशा । म तपाईलाई महान् भविष्यको लागि अग्रिम धन्यवाद दिन्छु ।

आजको बाईबल खण्ड :

मिका ७ : १९ हामीलाई तपाईले फेरि ठिठ्याउनुहुनेछ । तपाईले हाम्रा पापहरुलाई खुट्टाले कुल्चनु हुनेछ र हाम्रा सबै अधर्म समुन्द्रको गहिराईमा फालि दिनुहुनेछ ।

यर्मिया २९ :११ किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुको उन्नतीको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन् तिमीहरुलाई आशा र भविष्य दिनलाई ।

भजनसंग्रह १०३ :१२ पश्चिम जति टाढा छ, उहाँले हाम्रा अपराधहरु हामीबाट त्यतिर्कै टाढा हटाइदिनु भएकोछ ।

हिब्रु ८ :१२ किनकि तिनीहरुका अपराधहरु म क्षमा गर्नेछु, र तिनीहरुका पाप फेरि कहिल्यै सम्झने छैन ।”

## तपाईले चाहने सबै कुरा तपाईसँग भएको सबै कुराको मुल्य लाग्न सक्छ

बाईबलले एउटा मानिसको बारेमा बताँउछ जसले एउटा खेतमा गाडि राखिएको गाड्धन भेट्टाउँछ । उ अति आनन्दित भएर जान्छ र आफुसँग भएका सबै बेच्छ र त्यो खेत किन्छ । यसले उसलाई त्यो गाड्धन कति मुल्यवान् छ भन्ने कुरा देखाँउछ । येशुले भन्नुभयो त्यसकारण एउटा ख्रिष्टीयन हुनुको कति अर्थ (मत्ति १३ :४४) तर किन ? यो प्रश्नको उत्तर अरु प्रश्नबाट पत्ता लगाउनुहोस् ।

तपाई त्यो व्यक्तिको बारेमा के सोच्नुहुन्छ जो यो सारा ब्रह्माण्डको सृष्टिकर्ता हुनुहुन्छ, जो उहाँले चाहेका सबै कुरा प्राप्त गर्न सक्नुहुन्छ, अति उच्च मुल्य चुकाउनुभयो यो आशामा सोचेर कि उहाँ त्यो व्यक्तिसँग सम्बन्ध गाँस्न शुरु गर्न सक्नुहुन्छ ? त्यो व्यक्ति खास सम्पति जस्तै हो ….. र तपाई नै त्यो व्यक्ति हो । येशुको कथामा जस्तै परमेश्वरले उहाँसँग भएको उत्तम कुरा दिनुभयो उहाँसँग भएको सबै कुरा “मेरा” त्यो मौकाको लागि तपाईसँग सम्बन्ध गाँस्न, किनभने परमेश्वरले तपाईलाई यति प्रेम गर्नुहुन्छ कि तपाईले उहाँलाई प्रेम गर्नुपर्छ र उहाँलाई आफ्नो सबै थोक पनि ठान्नुपर्छ । परमेश्वरसँग तपाईको आफ्नो सम्बन्ध शुरु गर्न तपाई के मुल्य चुकाउनु चाहनुहुन्छ ?

आजको लागि प्रार्थना :

पिता, मलाई प्रेम गर्नु भएको लागि धन्यवाद । तपाईले मेरो लागि गर्नु भएको सबै कुराको लागि “धन्यवाद” भन्न म के गर्न नै सक्छु ? तपाईको प्रेम ममा प्रकट गर्नुहोस्, र तपाईको दृष्टिमा मेरो मुल्य मलाई देखाउनुहोस् । म विनम्र र कृतज्ञ छु, तपाईको म प्रतिको प्रेमको लागि ।

आजको बाइबल खण्ड :

लुका १२ :३४ किनकि जहाँ तिम्रो धन छ , त्यही तिम्रो मन पनि हुनेछ ।

१ युहन्ना ४ :१९ हामी प्रेम गर्दछौ, किनभने पहिले उहाँले हामीललाई प्रेम गर्नुभयो ।

## तपाई त्यो व्यक्तिको बारेमा के सोच्नुहुन्छ जो यो सारा ब्रह्माण्डको सृष्टिकर्ता हुनुहुन्छ , जो उहाँले चाहेका सबै कुरा प्राप्त गर्न सक्नुहुन्छ जसले अति उच्च मुल्य चुकाउनुभयो यही आशामा कि उहाँ व्यक्तिसँग सम्बन्ध शुरु गर्न सक्नुहुन्छ ?

कुनै वस्तुको मुल्य प्रायःत्यो व्यक्तिले त्यो वस्तुको लागि के मुल्य चुकाउन चाहन्छ त्यसमा नै निर्धारित हुन्छ । परमेश्वरले मानिसजातीलाई यति धेरै प्रेम गर्नु भयो कि उहाले उहाँको एकमात्र पुत्रलाई कलवरीको क्रुसमा मर्न पठाउनुभयो तपाईसँग सम्बन्ध विस्तार गर्न मौका पाउन उहाँले आफ्नो प्रत्येक व्यक्तिलाई उहाँको सन्तान बनाउने इच्छा अवसर किन्नुभयो ।

जब, हामी बाटोमा मानिसहरुलाई देख्छौ, बजारमा वा सामाजिक स्थलहरुमा हामीले प्रत्येक व्यक्तिलाई त्यहि मुल्यको ठान्नुपर्छ जुन परमेश्वरको पुत्र हाम्रो पिताको दृष्टिमा छ र हामीले एक-अर्कालाई त्यही व्यवहार गर्नुपर्छ जुन परमेश्वरले हामीलाई गर्नुभयो । येशु खीष्टको लागि हामीले प्रत्येक व्यक्तिलाई कुनै पनि कुराको ख्याल नगरि जस्तै जाती-भेद, लिङ्ग, देशी वा विदेशी वा आर्थिक विवरण विना परमेश्वरले हामीलाई व्यवहार गर्नु भए अनुसार हामीले पनि गर्नुपर्छ

आजको लागि प्रार्थना :

प्रभु, मलाई तपाईको मदत चाहिन्छ सबै मानिसहरु जसलाई तपाईले तपाईको पुत्रको जीवन उनीहरुमा पुग्न दिनु भएको छ । तिनीहरुलाई तपाईले जस्तै ग्रहण गर्न मलाई मदत गर्नुहोस् र तिनीहरुलाई मेरो आत्मिक परिवारको खीष्टमा दाजुभाई वा दिदिबहिनीको रुपमा बनाउन मलाई मदत गर्नुहोस् । मैले जहाँ अरुहरुलाई तल हेरेको छु भने मलाई क्षमा गर्नुहोस् र मेरो बाटो सफा गरिदिनुहोस् । आमेन् ।

आजको बाइबल खण्ड :

एफिसी ४ : ३२ जसरी परमेश्वरले खीष्टमा तिनीहरुलाई क्षमा गर्नुभयो त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्काप्रति कोमल मनका र दयालु होओ ।

युहन्ना १३ : ३४ एउटा नयाँ आज्ञा म तिाीहरुलाई दिदँछु, : तिमीहरु एक-अर्कालाई प्रेम गर । तिमीहरुसँग मैले जस्तो प्रेम गरेको छु तिमीहरुले पनि एकअर्कालाई त्यस्तै प्रेम गर ।

१युहन्ना ४:७-८ प्रिय हो, हामी एउटाले अर्कालाई प्रेम गरौं किनभने परमेश्वरबाट आँउछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

प्रेरित १० :३४ तब पत्रुसले बोल्न थाले, साँच्ची नै म देख्दछु कि परमेश्वरले पक्षपात गर्नुहुन्न ।

# कुनै पनि ठुलो कुरामा सल्लाह लिन कि परमेश्वरको सल्लाह यसको विरुद्ध हुन्छ भनी डराएर नसुम्पनु मुर्खताको काम हो र छलकपटसँग सहभागी हुनु हो

“न्याय संगत” ले यस्तो अवस्थाको वर्णन गर्छ, जसमा कसैले सक्रिय रुपमा तथ्यताको ज्ञानको फाइदा लिन इन्कार गर्छन् तिनीहरुले त्यसको अस्तित्वको शंका गर्छन् किनकि यो “थाहा नहुनु” तिनीहरुको लागि फाइदा हुन्छ । कानुनीरुपमा वकिलहरुले यो पनि यो चतुर्‍याई नैतिकता उलंघन गर्न प्रयोग गर्छ । राजनितिमा अफिसरहरुले सहायता गर्ने कामलाई रोक्न यो प्रयोग गर्न सक्छन् । र त्यसको घरमा सानो नानी तिनीहरुले आफै ल्याएको समस्याबाट उम्कन यो प्रयोग गर्न सक्छन् ,-“तर मलाई थाहा भएन !”

सत्यता यहि हो कि प्राय: हामलिाई थाहा हुन्छ जब हामी केहि कुराको बारेमा योजना बनाउछौ वा सोच्छौ, त्यो गलत हुन्छ र त्यो हामीलाई गर्न भन्दा पहिला नै थाहा हुन्छ । परमेश्वरको वचनले भन्छ कि पवित्र आत्माले हाम्रो पाप देखाँउनु हुन्छ । (युहन्ना १५:८,१३) कुनै पनि ठुलो कुरामा सल्लाह लिन कि परमेश्वरको सल्लाह यसको विरुद्ध हुन्छ भनी डराएर नसुम्पनु मुर्खताको काम हो र छलकपटसँग सहभागी हुनु हो । यो कठिन हुन्छ यो भन्नबाट छुटिनु “मलाई थाहा छ यो गलत छ तर म यो तै पनि गर्दैछु ।” र त्यो खतरा ठाँउमा हुनु हो ।

आजको लागि प्रार्थना :

परमेश्वर, मेरो शिक्षक म तपाईलाई खुशी पार्न चाहन्छु । कहिले काँहि मेरो योजनासँग मैले सोचेको तपाईले चाहनु भएको कुरासँग मिलाउनु वास्तवमा नै संघर्ष हो । हे प्रभु मसँग बोल्नुहोस् र मेरो हृदय म परिवर्तन गर्न सकुँ ताकि म तपाईले चाहेको कुरा म चाहन सकुँ । तपाईको चरित्र ममा निर्माण गर्न मलाई सहायता गर्नुहोस्, तपाईसँग मलाई सहभागी बनाउनुहोस् र मलाई असल परमेश्वरको भय राख्ने परामर्शकर्ताहरु दिनुहोस् ।

आजको बाईबल खण्ड :

हितोपदेश १८ :१ अमिल्दो मानिस स्वार्थको पछि लाग्छ, त्यसले सबै उचित ठहरको खुल्ला विरोध गर्छ ।

युहन्ना ३ :२०-२१ किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ र ज्योतिमा आउदैन, नत्रता त्यसका काम प्रकट हुनेछन् । सत्यद्धारा जिउने मानिस ज्योतिमा आँउछ र यसरी उसले गरेका कामहरु परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ ।”

## कुनै समयहरु हुन्छन् जसमा परमेश्वरले हामीले गर्न नसक्ने असम्भव कुराको माग गर्नुहुन्छ । परमेश्वरको वचन मानिसहरुद्धारा भरिएको छ जसलाई असम्भव कुराहरु गर्न चुनौती दिइएको थियो

एउटा यस्तै कथामा एकजना कुष्ठरोगी नामान समावेश थिए । उनीलाई एलिशा अगमवक्ताले यर्दनको नदीमा ७ चोटी डुब्न र त्यो कुष्ठ रोगबाट निको हुन चुनौती दिएका थिए । नामानसँग धेरै प्रश्नहरु जसमा अव्यवाहारिक मात्र होइन तर असम्भव कुराहरु थिए । तापनि नामान, उनको साथीहरुद्धारा यो असम्भव कुरा प्राप्त गर्न उत्साहित भए मात्र यहि कारणले परमेश्वरको अगमवक्ताले यो भनेका थिए । नामानको आज्ञाकारिताको परिणाम स्वरुप उनी पुरा रुपमा चंगाई भए ।

हामीले पनि कुनै समयहरुमा जीवनको चुनौतीहरुको प्रतिक्रिया असम्भव कुराहरु गर्नुपर्छ मात्र यही कारणले कि यसलाई हामीले परमेश्वरको वचनबाट प्राप्त गरेका छौ ।

आजको लागि प्रार्थना :

परमेश्वर पिता, मसँग बोल्नुहोस् र मेरो जीवनको लागि तपाईको यात्रामा मलाई अगुवाई गर्नुहोस् । तपाईको आवाज सुन्न अनुग्रह गर्नुहोस् । मलाई असम्भव कुरा प्राप्त गर्न पहिला नै तपाईको उत्साह चाहिन्छ । पिता मलाई अरुहरुलाई पनि तपाईमा तिनीहरुको परिस्थितिमा भरोसा गराउन र तिनीहरुको क्षमता भन्दा माथिको कुरामा विश्वास गर्न मदत गर्नुहोस् ।

आजको बाईबल खण्ड :

२ राजा ५:१३-१४ तर नामानका नोकरहरुले उनीकहाँ आएर उनलाई भने, हे पिता ज्यू, यदि अगमवक्ताले तपाईलाई केही ठुलो कुरा गर्नुहोस् भनी भन्नुभएको भए के तपाई गर्नुहुने थिएन र ? उहाँले तपाईलाई धोएर शुद्ध हुनुहोस् भन्नु भएकोमा तपाईले झन् किन नगर्ने ? यसैले उनी तल ओर्ले र परमेश्वरका जनले भने बमोजिम यर्दन नदीमा सात पल्ट स्वयम् डुबुलकी मारे र उनको मासु ज्यूँका त्युँ भयो , जवान केटाको जस्तो भयो ।

मत्ती १९:२६ येशुले तिनीहरुमाथि दृष्टि लगाई भन्नुभयो,“मानिसहरुका लागि यो असम्भव छ तर परमेश्वरको लागि सबै कुरा सम्भव छ ।”

मर्कुस ९:२३ येशुले तिनलाई भन्नुभयो, “तपाईले सक्नुहुन्छ ! भनी के भनेको ? विश्वास गर्नको लागि त सबै कुरा सम्भव छ ।”

## तपाईको व्यक्तिगत सुरक्षा र सम्पन्नता, परमेश्वरको मुख्य केन्द्र नभएको हुनसक्छ जब उहाँले भन्नुभयो, "जाओ र चेला बनाओ"

संसारका धेरै ख्रिष्टियनहरुले "अमेरिकन सपनाको ईश्वरशास्त्र" व्याख्या गर्दछन् । "अमेरिकन सपनाको ईश्वरशास्त्र" ले व्याख्या गर्छ धर्मशास्त्र यो सल्लाह दिन हो कि सबै विश्वासीहरुलाई तिनीहरुको मुक्तिदातासँग खास निश्चित अधिकारहरु, तिनिहरुसँग जसका जीवन, स्वतन्त्रता र खुशीको अनुशरण छ । धर्मशास्त्रहरुले पनि "राज्यको इश्वरशास्त्र" विपरित व्याख्या गर्छ, जसरी जसमा हामी आफैलाई इन्कार गरेर क्रुस बोकेर येशुलाई पछ्याउनु पर्ने कुराको माग गर्छ ।

परमेश्वरले तपाईको स्वस्थ र सम्पन्नताको रुची राख्नुभएर सहभागी हुनु भएता पनि यो उहाँको मुख्य नहुन सक्छ, जब ती मानिसहरुलाई हेर्दा जो अझै हराइरहेका, मरिरहेका र र नर्कमा गइरहेका छन् । त्यसकारण हामीले परमेश्वरको इच्छा हाम्रो जीवनमा यसले हामीलाई व्यक्तिगत रुपमा र हाम्रो सफलताको सपनालाई असर पारे पनि त्यसभन्दा पनि महान् रुपमा थाहा गर्नुपर्छ ।

आजको लागि प्रार्थना :

प्रभु, यो तपाईको संसार हो, मेरो होइन । कहिले काँही मेरो जीवन सबै मेरो बारेमा मात्र होइन भन्ने कुरा म बिर्सिन्छु । मेरो हृदय परिवर्तन गर्नुहोस्  ताकी म तपाईले चाहेको कुरा म चाहन सकुँ । मलाई थाहा छ कि त्यहाँ "भोकाएका मानिसहरु छन्" अरु धेरै ठाँउहरुमा । मलाई देखाउनुहोस् कसरी म तिनीहरुसँग मेरो भाग बाँड्न सकुँ ।

आजको बाइबल खण्ड :

मत्ती १६:२४ तब येशुले आफ्ना चेलाहरुलाई भन्नुभयो कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफुलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।

भजनसंग्रह ४६ :१० "शान्त होओ, र म परमेश्वर हुँ भनी जान । जाती-जातीहरुमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु ।"

मत्ती ६:१० तपाईको राज्य आओस् तपाईको इच्छा स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पुरा होस् ।

# परमेश्वरको वचनले हामीलाई दुइटै कुरा बताँउछ, परमेश्वरले के गर्नुभयो र परमेश्वरले के गर्नुहुनेछ

यदि हामीले गर्ने सबै कुरा बाइबल पढ्नु हो, अनि हामीले देख्न सक्ने सबै कुरा त्यही हो जुन पहिला नै परमेश्वरले गरिसक्नु भयो । बाइबलले मात्र इतिहास देखाँउछ, प्रकट गर्छ परमेश्वर विगतमा कहाँ हुनुहुन्थ्यो, विगतमा उहाँले के गर्नुभयो र कसरी उहाँले गर्नुभयो । तापनि बाईबल इतिहास भन्दा बढी हो यो जीउँदो करार हो, परमेश्वरले के गर्नुभयो मात्र होइन तर उहाँले पछि के गर्नुहुनेछ पनि हो । परमेश्वर हिजो आज अनि सदासर्वदा एक समानको हुनुहुन्छ । परमेश्वरको वचन परमेश्वरले के गर्नुभयो र के उहाँ गर्न चाहनुहुन्छ सिक्न अध्ययन गर्न शुरु गर्नुहोस् । परमेश्वर के गर्न चाहनु हुन्छ ? त्यही जुन उहाँले गर्नुभयो ।

परमेश्वर सबै मानिसहरुले सु-समाचार सुनेको चाहनुहुन्छ । भाँचिएको हृदय भएकाहरुलाई निको पार्न, बन्धनबाट छुटकारा दिन, अन्धाहरुलाई दृष्टि दिन, आघातमा परेकाहरुलाई छुटकारा दिन र प्रभुको महान् दिन घोषणा गर्न, र उहाँ यी सबै कुराहरु तपाईद्धारा चाहनुहुन्छ ।

आजको लागि प्रार्थना :

परमेश्वर, म तपाईलाई जान्न चाहन्छु । म तपाई भएको ठाँउमा हुन चाहन्छु । म तपाईले गरिराख्नु भएको काममा सहभागी हुन चाहन्छु । हे प्रभु, कृपा गरि आफुलाई म कहाँ प्रकट गर्नुहोस् र मलाई देखाउनुहोस् कि म तपाईलाई हिजोभन्दा आज अझ असल तरिकाले जान्न सक्छु ? तपाईलाई हेर्ने दृष्टि मलाई दिनुहोस्, तपाईलाई सुन्न कान, समात्न हात, पछ्याउन पाइला दिनुहोस्

आजको बाइबल खण्ड :

हिब्रु १३ : ८  येशु ख्रिष्ट हिजो आज र सदासर्वदा एक समान हुनुहुन्छ ।

लुका ४ :१८-१९ “परमप्रभुका आत्मा म माथि छ किनभने गरीबहरुलाई सु-समाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरुलाई छुटकाराको घोषणा गर्न, अन्धाहरुलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरुलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनु भएको छ ।”

## मण्डली काम सँगै गर्न सिर्जना गरिएको हो कार्य क्षेत्र भित्र काम गर्न होइन ।

मण्डली वृद्धि हुनुपर्छ सिपाहीहरु बन्न, दर्शकहरुमात्र होइन सहभागीहरुको संगठित समुह बन्न मात्र दर्शकहरु हुन होइन, माछा समात्न सधै आवश्यकता पर्ने ठाँउमा माछा समात्न धोका हुन्छ । अर्को शब्दमा मण्डली भित्र  काम गर्न बोलाइएको नभई सँगैगर्न कर गर्न बोलाईएको हो ।

के तपाई त्यो खालको खीष्टीयन हुनुहुन्छ जो मण्डलीमा पाष्टरले र मण्डलीले तपाईको लागि के गर्न सक्छ त्यसको लागि जानुहुन्छ वा तपाई आफुले मण्डलीमा अरुको लागि के गर्न सक्नुहुन्छ भनेर जानुहुन्छ ? वृद्धि हुनुहोस् र मण्डली सबै के को बारेमा हो त्यो पत्रा लगाउन परिपक्कतालाई ग्रहण गर्नुहोस् । आफैलाई समर्पण गर्नुहोस् र सेवाकाईको काममा आफै योग्य बनाउनुहोस् र खीष्टको शरीरलाई बलियो बनाउनुहोस् ।

आजको लागि प्रार्थना :

परमेश्वर, धन्यवाद मलाई बचाउनु भएको लागि ! तपाईको योजनामा मलाई समावेश गर्नुभएको लागि धन्यवाद । मलाई थाहा छ कि तपाईको यो म भन्दा पनि ठुलो छ र त्यो तपाईको अरु सन्तानहरुको लागि अन्य ठाँउहरुमा पनि कृपा गरि मलाई तपाईले सहभागी हुन बोलाउनु भएको छ र दर्शक मात्र हुन होइन भन्ने कुरा या दगुर्न मदत गर्नुहोस्  ।

आजको बाइबल खण्ड :

एफिसी ४:११-१५ अनि उहाँका वरदानहरु चाँहि यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पाष्टरहरु र कोही शिक्षकहरु बनुन्, कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन् जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौ र परिपक्क मानिस बनी खीष्टका पुर्णताको नापसम्म पुग्दैनौ । यसरी हामी छालले अगि पार्छ हुत्याइएका, धार्मिक सिद्धान्तको प्रत्येक बतासले र मानिसहरुका जालझेल, धुर्तता र फट्याइँले यताउता उडाइका बालकहरु जस्ता नहोऔ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै अर्थात खीष्टसम्मै बढ्दैजाऔ जो शिर हुनुहुन्छ ।

## प्रत्येक सन्देश केहि हुनुपर्छ, जुन श्रोताहरुले तिनीहरु आफैमा लिन सक्नुहुन्छ र अरुमा बाँड्नु सक्नुपर्छ

साधारणतया, जब हामी बजार जान्छौ र हामी कुनै वस्तुहरु भविष्यको लागि किन्छौ र त्यसलाई कुनै ठाँउमा जम्मा गरेर राख्छौ । मनपर्ने तरिकाले हामी सजाएर राख्छौ त्यसैले हाम्रो मुल्यवान् वस्तुहरु, सुरक्षित, बचाएर र हामीसँग बोक्न तयारी बनाउँछौ । यो परमेश्वरको वचनसँग मिल्छ । परमेश्वरको वचनलाई मिलाउने याद गर्न सजिलो हुन्छ र बोक्न सजिलो गरि प्याकिंकले जीवनको बाटोमा पुग्न मदत गर्नेछ ।

जब हामी मानिसहरुलाई परमेश्वरको वचन सिकाउन समय लिन्छौ र जब मानिसहरुले तिनीहरुको समय हामीले भनेको कुरा हामी हाम्रो सन्देश यस्तो प्रकारले प्याक गरेर दिन सक्नुपर्छ जुन तिनीहरुले सजिलै घरमा बोकेर लान सकोस् । प्रत्येक सन्देशमा केहि हुनुपर्छ जुन श्रोताहरुले आफैमा राखेर अरुसँग बाँड्न पनि सक्छन् ।

आजको लागि प्रार्थना :

पिता, तपाईको वचनको लागि धन्यवाद, दैनिक रुपमा यसलाई गहिरिएर बुझ्न मलाई सहायता गर्नुहोस् । मलाई तपाईको वचन सुन्ने मात्र होइन तर गर्ने पनि  बनाउनुहोस् । र पिता मेरो जीवनमा कोही व्यक्ति दिनुहोस् जसलाई म तपाईको वचन दिन सकुँ । तपाईको वचनको समझ दिनुहोस् जसरी म त्यसलाई अरुहरुसँग बाँड्छु ।

आजको बाइबल खण्ड :

२ तिमोथी २ : २ धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वास योग्य मानिसहरुलाई सुम्पिदेऊ ।

याकुब १ : २५ तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाँहि आफुले गरेको काममा आशिष पाउनेछ ।

## परमेश्वरले उहाँको बढी भएको पुत्र दिनुभएन तर उहाँले आफ्नो एक मात्र पुत्र दिनुभयो

पुरानो नियमको समयहरुमा परमेश्वरको मानिसहरुको पाप मुल्य तिरेर मात्र क्षमा हुन्थ्यो । पशुको रगत बगाउनुपर्थ्यो र यो बलिदान फेरि-फेरि दोहोऱ्याएर गरिराख्नु पर्थ्यो ।

परमेश्वरले आफ्नो मानिसहरुलाई यो भन्दा उत्तम उपाय दिने इच्छा गर्नुभयो र तिनीहरुलाई अन्नतताको निम्ति क्षमा दिन पनि चाहनु भयो । यो उहाँले भन्नुभयो, "साँढेहरु र बाखाहरुको रगतले हुन सक्दैन । यो उहाँको आफ्नो पुत्रको मात्र रगतद्धारा हुन्छ र त्यसकारण हामी अहिले सदाको लागि सुरक्षित छौँ ।

परमेश्वरले उहाँको अरु बढी भएको पुत्र दिनुभएन तर, आफ्नो एक मात्र पुत्रलाई दिनुभयो । यसले परमेश्वरको उत्तमताको मुल्य दिन्छ, त्यहाँ अरु कुनै उपाय छैन । परमेश्वरले उहाँको उत्तम कुरा हामीलाई दिन छुट्टाउनुभएको छैन, त्यसकारण हामी पनि उहाँलाई हाम्रो उत्तम कुरा दिऔं ।

आजको लागि प्रार्थना :

पिता, येशु ख्रिष्ट मेरो एकमात्र उद्धारक मेरो पापको लागि एकमात्र बलिदान हुनुहुन्छ भनेर म स्वीकार गर्दछु । म भरोसा गर्छु कि उहाँको रगते हाम्रो बीचमा स्थायी करार प्राप्त गराएकोछ । खीष्टमा नयाँ जीवन दिनु भएको लागि धन्यवाद । मलाई प्रत्येक दिन तपाईले मेरो मुक्तिको लागि तिर्नु भएको मुल्यलाई आदर गर्न मदत गर्नुहोस् ।

आजको बाईबल खण्ड :

युहन्ना ३:१६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहि पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।

१ कोरिन्थी ६:१९-२० तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरुभित्र बास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ? तिमीहरु स्वयम् आफ्नै होइनौ । तिमीहरु मोल तिरेर किनीएका छौ । त्यसकारण तिमीहरुका शरीरमा परमेश्वरको महिमा गर ।

## मरियमले उनको पहिलो सन्तान परमेश्वरलाई यो संसार बचाउन दिएको मुल्य बताँउछ

जब परमेश्वर के कुरा गर्नुहुन्छ, उहाँले मानिसहरुलाई प्राय त्यसमा सहभागी गराउनुहुन्छ उहाँले हाम्रो आउँदो र मौकाहरुमा सहभागी हुने जीवनको योजनाहरु सँगै लान चाहनुहुन्छ । हामी यो जान्दछौ र विश्वास गर्दछौ कि येशु खीष्टद्धाराको मुक्तिले हामीलाई स्वतन्त्र बनाँउछ किनकि अरुहरुले पहिला नै त्यसको मुल्य तिरिसके ।

त्यसकारण त्यो दिनमा जब येशुले आफ्नो महान् आज्ञा हामीलाई छोड्नु भयो त्यो सँगै मिशिनरीहरु, प्रचारकहरु दिनुभयो । प्रचारकहरुले आफ्नो व्यवसाय छोडेका छन् । घरको सुख-सुविधाहरु र तिनीहरुको आफ्नै जीवन विभिन्न राष्ट्रमा सुसमाचार ल्याउनको निम्ति दिएका छन् । मोशासँग एकदमै गाह्रो काम थियो जब परमेश्वरले इस्राएलीहरुलाई मिश्रबाट छुटाउनु भयो ।

एस्तरको पनि एकदमै खतरा भुमिका थियो जब परमेश्वरले यहुदी जातीहरुलाई मृत्यूबाट बचाउनु भयो । यसलाई मरियमले उनको पहिलो सन्तान परमेश्वरलाई यो संसार बचाउन दिएको मुल्य बताँउछ । परमेश्वरको योजना तपाईको जीवनमा पुरा गर्न दिन यसले के मुल्य लाग्दछ ? के तपाई यो भन्न इच्छा गर्नुहुन्छ “हो” मेरो होइन तर तपाईको इच्छा पुरा होस् भनेर ?

आजको लागि प्रार्थना :

पिता, मैले तपाईले मेरो लागि मुल्य चुकाउनुभएको कुरा थाहा गरे र मेरो जीवन तपाईको हो । मेरो जीवनमा असल योजना राख्नुभएको लागि धन्यवाद । मेरो विचारलाई तपाईको विचारमा सहमत बनाउनुहोस् र तपाईको महान् योजनामा मेरो भुमिका मलाई देखाउनुहोस् । आज्ञाकारी हुन मलाई सहायता गर्नुहोस् । मलाई थाहा छ कि म सबै कुरा खीष्टद्धारा गर्न सक्छु जसले मलाई बल दिनुहुन्छ ।

आजको बाइबल खण्ड :

मत्ती १६२४ तब येशुले आफ्ना चेलाहरुलाई भन्नुभयो, “कोही मेरो पछि आउने इच्छा गर्दछ, भने उसले आफुलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।

लुका १:३८ अनि मरियमले भनिन्, हेर्नुहोस् म परमप्रभुकी दासी, मलाई तपाईको वचन अनुसार होस् ।” तब स्वर्गदुत तिनीबाट विदा भए !

# परमेश्वरको ख्याती छ जुन हल्लाउन गाह्रो छ

परमेश्वरसँग उहाँ असल परमेश्वर हुनुहुन्छ भन्ने ख्याती छ, प्रेमिलो परमेश्वर, परमेश्वर जो भलो र दयालु हुनुहुन्छ । विश्वासयोग्य र सत्य हुनुहुन्छ । परमेश्वरको विराधीहरुसँग उहाँ नहुनु भएको भएता पनि उहाँ पापको बारेमा एकदमै गम्भिर भएता पनि र प्रत्येक युद्ध जित्ने निर्धारण भएको इतिहास छ । अर्को शब्दमा, परमेश्वरलाई परमेश्वर भनेर भरोसा गरीन सकिन्छ ... परमेश्वर सधै हुनुहुन्थ्यो र सदासर्वदा हुनुहुनेछ । उहाँको ख्याती त्यस्तो छ जुनको कुनै फेरबदल हुन सक्दैन । अगमवक्ता मलाकी घोषणा गर्छन्, "म परमप्रभु परमेश्वर हुँ म कहिल्यै पनि बद्लिन्न ।" हामी भरोसा गर्न सक्छौँ कि परमेश्वर हामीले उहाँलाई देखेको कुरामा उहाँले सधै ती कुराहरुमा निरन्तरता दिनुहुनेछ । उहाँ जसले तपाईलाई प्रेम गर्नुभयो र उहाँको पुत्र तपाईलाई कहिल्यै नछोड्न र नत्याग्न दिनुभयो । परमेश्वर भलो हुनुहुन्छ ।

## आजको लागि प्रार्थना :

परमप्रभु, स्वर्गको परमेश्वर तपाई महान् र अचम्मको हुनुहुन्छ । तपाईले आफ्नो प्रतिज्ञा विश्वास योग्य तरिकाले कायम राख्नुहुन्छ ती सबैको लागि जसले तपाईलाई प्रेम गर्छन् र तपाईको आज्ञाहरु पालन गर्छन् । तपाईले यो पनि भन्नुभयो कि, हामी जति पथभ्रष्ट भएपनि, यदि हामीले आफ्नो पाप स्विकार गरी तपाईको आज्ञा पालन गऱ्यौ भने, तपाईले हामीलाई क्षमा गर्नुहुन्छ र तपाईसँग हाम्रो असल सम्बन्छ स्थापित गर्नुहुन्छ ।

## आजको बाइबल खण्ड :

गन्ती २३:१९ परमेश्वर ढाँट्नुहुन्न कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न, उहाँले भन्नु भएपछि के त्यो गर्नुहुन्न र ? अथवा उहाँले प्रतिज्ञा गर्नुभएपछि के त्यो पुरा गर्नुहुन्न र ?

भजनसंग्रह ८९:३४ म मेरो करार भङ्ग गर्नेछैन, अथवा मेरो मुखबाट निस्केको वचन बद्लनेछैन ।

याकुब १:१७ हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ । बद्ली रहने छाया जस्तो उहाँमा कुनै हेरफेर हुदैन ।

## जब तपाई परमेश्वरमा पर्खिनुहुन्छ तपाईले के गर्नुहुन्छ, यसले तपाईले कति लामो समयसम्म पर्खन सक्नु हुन्छ भन्ने कुराको निर्धारण गर्छ

दाउदलाई परमेश्वरमा पर्खनुको अर्थ थाहा थियो । उनी १६ वर्षमा राजाको रुपमा अभिषेक भए तर जबसम्म उनी तीस पुगेनन् तबसम्म उनी राजा भएनन् । यो परमेश्वरले हाम्रो प्रार्थना सुन्नु नभएको वा उहाँको हाम्रो अत्यन्त जरुरी अवस्था नबुझेको जस्तो देखिन्छ । यस्तो खालको सोचाइले, यो अवगत अराँउछ कि उहाँ नियन्त्रणमा हुनुहुन्छ । तथ्य यहि हो कि परमेश्वरले हामीलाई ताजा बनाउन, नयाँ बनाउन र महान दिनको लागि तयार पार्न धैर्यता प्रयोग गर्नुहुन्छ । हामीले त्यो हाम्रो पर्खाइको समय उहाँमा भर परेर र उहाँसँग हाम्रो सम्बन्ध बलियो बनाएर र उहाँ इच्छा पुरा गर्ने तयारीपनका साथ असल प्रयोग गर्न सक्छौ !

तपाई जब परमेश्वरमा पर्खिनुहुन्छ तपाई के गर्नुहुन्छ यसले तपाई कति लामो समयसम्म पर्खनसक्नु हुन्छ भन्ने कुरा निर्धारण गर्छ । उत्पादनशील हुनुहोस्, जब तपाईसँग समय हुन्छ केहि सकरात्मक कुराहरु गर्नुहोस् ।

आजको लागि प्रार्थना :

म तपाईलाई पर्खन्छु परमेश्वर ...किनकि तपाईले सधैँ पर्खाइलाई योग्य ठान्नुहुन्छ । मलाई सिद्ध शान्तमा राख्नु भएको लागि धन्यवाद दिन्छु जसरी म तपाईमा आफ्नो समझ केन्द्रित गर्छु । मेरो आत्माको चाहना तपाईको इच्छामा छ । तपाई मेरो चट्टान र मेरो उद्धारक हुनुहुन्छ, मेरो आशाहरु तपाईबाट कै हुन् । म धैर्यतामा र धार्मिकतामा सिक्न तपाईले आफ्नो सिद्ध ममा भएको उद्देश्य सबै कुरामा नदेखाएसम्म त्यसलाई निरन्तरता दिनेछु ।

आजको बाइबल खण्ड :

भजनसंग्रह ४० :१-३  मैले धैर्यसाथ परमप्रभुको प्रतीक्षा गरें, उहाँले ममाथि दृष्टि गर्नुभयो र मेरो पुकारा सुन्नुभयो । उहाँले मलाई सर्वनाशको खाडल र हिले धापबाट निकाल्नुभयो । उहाँले मेरो खुट्टा चट्टानमाथि बसाल्नुयो र मलाई उभिन दृढ स्थान दिनुभयो । उहाँले मेरो ओठमा एउटा  नयाँ गीत राखिदिनुभयो, हाम्रा परमेश्वरका प्रशंसाको एउटा गीत धेरैले यो देख्नेछन् र डराउनेछन् र परमप्रभुमा भरोसा राख्नेछन् ।

## कहिले काँहि प्रतिज्ञा गरिएको भूमि अझैपनि प्रतिज्ञा गरिएको हुदैन

इस्राएलीहरुलाई मोशाद्धारा भनिएको थियो कि परमेश्वरले तिनीहरुलाई मिश्र देशको बन्धनबाट छुटाएर दुध र मह बग्ने कनान देशमा लानुहुन्छ । तिनीहरुलाई भनिएको थियो कि, यो प्रतिज्ञाको भुमि कनान एउटा ठाँउ हो जहाँ तिनीहरुले रोटीको कमि विना खानेछन् तिनीहरुले नखनेको इनारद्धारा पानी पिउनेछन्, तिनीहरुलाई कुनै उत्तम कुराहरुको कमि हुनेछैन र तिनीहरुको शत्रुद्धारा आराम पाउनेछन् । तापनि, प्रतिज्ञाको देशमा प्रवेश गर्न पनि प्रतिज्ञा नगरिएको तिनीहरुले पाए ।

कनान देश मोशाले घोषणा गरेको सबै कुराको सौभाग्य थियो, तर वर्तमान यो शत्रुहरुद्धारा भरिएको थियो जहाँ युद्ध गरेर विजय भएर अधिकार जमाउनुपर्थ्यो । जसरी तिनीहरु परमेश्वरसँग सहभागी भए परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुरा उहाँले पुर्णरुपमा गर्नुभयो । तापनि उहाँले त्यो तिनीहरुको सहायता विना गर्नुभएन । यदि परमेश्वरले तपाईलाई गर्नुभएको प्रतिज्ञा अझै पनि प्रतिज्ञा गरिएको छैन भने उहाँसँग काम गरिराख्नुहोस् र उहाँले आफ्नो प्रतिज्ञा पुरा गर्नुहुन्छ ।

आजको लागि प्रार्थना :

पिता, म मेरो जीवनमा तपाईको योजनामा समर्पित गर्छु र तपाईसँग तपाईको सपना पुरा गर्न काम गर्ने प्रतिज्ञा गर्दछु । प्रभु मलाई देखाउनुहोस् प्रयत्न गर्न र दृढतापुर्ण साथ लाग्न सक्छु कि जसरी म तपाईको मेरो जीवनको प्रतिज्ञामा जोड दिन्छु । प्रभु धन्यवाद । आमेन् ।

आजको बाइबल खण्ड :

मत्ती ११ : १२ बप्तिष्मा दिने युहन्नाको समय देखि अहिलेसम्म स्वर्गको राज्य जोडले अगि बढिरहेको, छ अनी शक्तिशाली मानिसहरु बलजफतिसँग उसलाई पक्रन्छन् ।

रोमी ४ : २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहमलाई पुरा निश्चय थियो ।

## हामीसँग भएको कुराले हामी के गर्छौं, त्यसले नै हामीले कति बढी पाँउछौ भन्ने कुराको निर्धारण गर्छ

खीष्टको तोडाको उखानले हामीलाई सचेत बनाँउछ, हाम्रो आशिषहरु र क्षमताहरु परमेश्वरको वरदान हुन् र तिनीहरुलाई हामीले उत्तरदायित्वको रुपमा सेवा गरि चलाउनुपर्छ । यसलाई भण्डारेपन भनिन्छ यसले खाली पैसा मात्र देखाउदैन तर हाम्रो प्रतिभाहरु, समय र अरु श्रोतहरु हुन् । भण्डारेपन हाम्रो वरदानहरुको वास्ता गरेर समाल्नु हो जुन परमेश्वरले हामीलाई दिनुभएको छ । परमेश्वरले तपाईले दिन नसक्ने कुरा कहिल्यै दिनुहुने छैन ।

तोडाको उखान, असल भण्डारे र सबै भएको कुरामा विश्वासयोग्यता नै वास्तविकताको केन्द्र जसमा परमेश्वर हामी विश्वास योग्य बुद्धिमान भण्डारे र अरुको लागि आशिष बन्न प्रयोग भएको आशा गर्नुहुन्छ । तपाईसँग के छ जसद्धारा परमेश्वरले यसलाई वृद्धि गरेर र उहाँको राज्य पृथ्वीमा बढाउनको लागि प्रयोग गर्न सक्नु हुन्छ । तपाईसँग भएको कुराले तपाई के गर्नुहुन्छ, त्यसले नै तपाईले कति धेरै गर्न पाउनुहुन्छ भन्ने कुराको निर्धारण गर्छ ।

आजको लागि प्रार्थना :

प्यारो प्रभु, यी श्रोतहरुसँग मलाई विश्वास गर्नुभएको लागि धन्यवाद जसले दुईटै कुरा गर्न मदत गर्छ मलाई आशिषित बनाउँछ र अरुको लागि आशिषको कारण पनि बनाउँछ । जसरी म विश्वास योग्य छु त्यसरी नै मलाई बृद्धि गर्नुहोस् ताकी म तपाईको लागि अरु पनि धेरै कुरा गर्न सकुँ ।

आजको बाइबल खण्ड :

लुका १९ :१७ “तिनले त्यसलाई भने, स्याबास असल नोकर, तँ अति थोरैमा विश्वासी भइस् तैले दश शहरहरुमाथि अधिकार पाउनेछस् ।”

लुका १६:१० जो थोरै कुरामा इमान्दार हुन्छ, त्यो धेरैमा पनि इमान्दार हुन्छ, र जो अति सानो कुरामा बेइमान हुन्छ त्यो धेरैमा पनि बेइमान हुन्छ ।

## परमेश्वरले अगुवाहरु बनाउनु हुन्न मात्र सेवकहरु...सेवकहरुले अगुवाहरु बनाउछन्

विचार गरौ तपाईको जीवन भऱ्याङ्ग चढेर मात्र वित्यो भने मात्र अन्तमा थाहा हुन्छ कि यो खराब भवनको विरुद्धमा आश्रय लिएको हुन्छ । हामीलाई भनिएको कि धेरै मानिसहरुले तिनीहरुको जीवनको पहिलो आधा भाग सफलता खोज्दा नै वित्छ र अन्तिम आधा जीवन महत्व खोज्दा नै वित्छ । प्राय धेरै मानिसहरु कसैको आँखा अगाडि महान् बन्न खोज्छन्, तपाई कसको दृष्टिमा महान् बन्न चाहनुहुन्छ ? जब सारा संसार अगुवा खोजिरहेका छन् तर परमेश्वर दासहरु (सेवकहरु) खोजि राख्नु भएको छ । यदि तपाई परमेश्वरको राज्यमा महान् बन्न चाहनुहुन्छ भने् तपाई सबैजनाको दास हुनुपर्छ । जो सबै भन्दा उत्कृष्ट बन्न चाहन्छ त्यही सबैको सेवक बन्नुपर्छ । येशु सेवा लिन होइन तर दिन आउनुभयो । तपाईले उत्तम कुरा  गर्न सक्नुहुन्छ ।

आजको लागि प्रार्थना :

पिता, येशु सिद्ध उदाहरण हाम्रो लागि दिनु भएकोमा तपाईलाई धन्यवाद । मलाई ती सबैको सेवक बन्ने मौका दिनुहोस् जसलाई म प्रेम गर्छु र तिनीहरु जो तपाईले मलाई प्रेम गर्नलाई दिनुभएको छ । म मानिसहरुलाई सेवा गरेर अगुवाई गर्न चाहन्छु ।

आजको बाईबल खण्ड :

मर्कुस १० :४५ किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो ।

फिलिप्पी २:५ तिमीहरुमा यस्तो मन होस् जो खीष्ट येशुमा पनि थियो ।

मर्कुस १०:४४ अनि तिमीहरुमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनै पर्दछ । सत्यता भए तापनि, उत्तरदायित्व विहिन इमान्दारिताले अरुहरुलाई आघात पुऱ्याउँदछ ।

## तपाईले कहिल्यै तौल बढाउनुभएको छ ? हुन सक्छ यो कपडाहरु होला । तपाई मोटो देखिनु हुन्छ ...तर यो सत्यता हो

हामीले निरन्तर रुपमा यी कुराहरु बोल्न अवसर पाँउछौ जुन चोट पुऱ्याउने खालका छन् । अपमानजनक वा जब त्यहाँ उत्तरदायित्व विहीनको विचारको भावहरु भन्दा माथि फाइदा हुदैन । प्रायः मानिसहरु जो एकदमै आफ्नो विचारहरुले अरुहरुलाई चोट पुऱ्याउछन् र कुरा लुकाउन इन्कार गर्छन्, तर वास्तविकता यहि हुन्छ ।" मात्र यो केहि सत्यताले तपाईलाई अरुलाई कस्तो प्रभाव पर्छ त्यसलाई ख्याल नराखी भन्ने अधिकार दिदैन । बाईबलले अरुलाई हाम्रो शब्दहरुद्धारा चोट पुऱ्याउन वा हाम्रो बोलीचाली अपमाजनक हुन निषेध गर्छ जहाँ राज्यको फाइदा हुदैन ।

आजको लागि प्रार्थना :

परमेश्वर मेरो विचारहरु र मुखको बोलीहरु म तपाईमा राख्छु । मेरो मुख र जिब्रोलाई तपाईले सुरक्षा दिनुहोस् ताकि म मेरो बोली वचनद्धारा आशिष ल्याउन सकुँ मेरो शब्दहरु सुन्नेहरु समस्यामा पार्ने होइन, पिता धन्यवाद ।

आजको बाइबल खण्ड :

याकुब ३:२ किनकि हामी सबै धेरै भूल गर्दछौं । जुन मानिसले आफुले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ र त्यो सिद्ध मानिस हुन्छ ।

एफिसी ४:२९ तिमीहरुका मुखबाट कुवाक्य ननिस्कोस् तर समय सुहाँउदो र सुधार गर्ने मिठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस् ।

भजनसंग्रह १४१:३ हे परमप्रभु, मेरो मुखमा एउटा पाले राखिदिनुहोस्, मेरा ओठको ढोकाको रखवाली गरिदिनुहोस् ।

## हामी कसैले पनि सबै थोक गर्न सक्दैनौ तर हामी प्रत्येकले केहि न केहि गर्न सक्छौ ।

परमेश्वरले मण्डलीलाई विशाल उत्तरदायित्व दिनुभएकोछ, प्रत्येक राष्ट्रमा चेला बनाउन । यसमा, प्रचार गर्ने, निको पार्ने, शिक्षा दिने, दिने, व्यवस्थापन गर्ने, बनाउने र अरु धेरै कुराहरु समावेश छन् । यदि हामीले यो उद्देश्य एक जना व्यक्तिले मात्र पुरा गर्नु परेको भए हामी प्रयासै नगरि छोडिदिन्थ्यौ । यो असम्भव हुन्थ्यो । तर परमेश्वरले हामीलाई उहाँको शरीरको अंग बनाउन बोलाउनुभयो जहाँ हामी केहीले कुनै एउटा कुरा गर्न सकछौ र कसैले अर्को कुरा गर्न सक्छ ।

हामीले सबै कुरा गर्न सक्दैनौ तर हामी प्रत्येकले केहि गर्न सक्छौ । खीष्टको शरीरको सफलता एकतामा छ प्रत्येकले केहि गर्नु र त्यसलाई एकतामा गर्नु । हामी सबैले सँगै उहाँलाई एक्लैले भन्दा बढी सेवा गर्न सक्छौ । यो एउटा मानवीय सोचाई हो कि हामी एक्लै धेरै गर्न सक्छौ र सबै मिलेर थोरै गर्न सक्छौ । खीष्टको शरीरको रुपमा हामीले धेरै काम मिलेर पुरा गर्न सक्नुपर्छ त्यसपछि हाम्रो सपना हामी आफैहरुद्धारा काम गर्न दिन मिलाउनुहोस् ।

आजको लागि प्रार्थना :

प्रभु, मलाई सम्भनुहोस् कि म यो पृथ्वीमा तपाईको शरीरको एक भागको रुपमा छु । मलाई मेरो वरिपरि भएकाहरुसँग अर्थपुर्ण तरिकाले सम्बन्धित हुन मदत गर्नुहोस् मानिसहरुलाई मेरो जीवनमा ल्याउनु भएको लागि धन्यवाद । मैले सेवा गर्ने सबैको लागि म आशिष बन्न सकुँ, प्रभु तपाईलाई धन्यवाद , आमेन्  ।

आजको बाइबल खण्ड :

रोमी १२:५ त्यसरी नै हामी जो धेरै छौ, हामी पनि खीष्टमा एउटै शरीर हौ, र प्रत्येक एक-अर्काका अंग हौ ।

उपदेशक ४:९ एक भन्दा दुई असल हो, किनभने तिनीहरुले आफ्नो कामको असल फल पाउनेछन्

एफिसी ४:१६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्धारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुदै जानेछ ।